# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असार ६ गते २०५१ साल (अतिरिक्ताङ्क १२

## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति)
(पहिलो संशोधन) नियमहरू, २०५१

नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरू, २०५१" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ४ मा संशोधन: नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० (यसपछि 'मूल नियम" भनिएको) को नियम ४ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :–

"(५) कुनै पनि समूहमा समूहिकृत नहुने पदहरू अनुसूची २क. बमोजिम हुनेछन् ।"

695

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमको नियम ८ मा संशोधन : मूल नियमको नियम ८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर सेवाको समूहका कर्मचारीहरूलाई सेवाको कुनै पनि समूहमा समूहिकृत नहुने पदहरूमा सरुवा गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन।"

अनुसूची- २क

(नियम ४ को उपनियम (५) सँग सम्बन्धित)

समूहिकृत नहुने पदहरूको नाम

१. राजपत्रांकित प्रथम श्रेणी

(क) सह-सचिव

(ख) महानिर्देशक

(ग) निर्देशक

(घ) क्षेत्रीय निर्देशक

(ङ) प्रमुख कृषि विकास अधिकृत

(च) प्रमुख तालिम अधिकृत

(छ) उपमहानिर्देशक

२. राजपत्रांकित द्वितीय श्रेणी (प्राविधिक)

(क) कृषि विकास अधिकृत

(ख) उपनिर्देशक

(ग) उपक्षेत्रीय निर्देशक

३. राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक)

सेवा केन्द्र प्रमुख

आज्ञाले,
रामकृष्ण तिवारी
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

६२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।